आज मिति २०७७ साल मंसिर २३ गते मंगलबारका दिन बिहान ११:०० बजे गाउँपालिकाको सभाहलमा यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहाय बमोजिमको उपस्थितिमा तपसिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

## उपस्थिति

| सि.नं. | पदाधिकारीका नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | अध्यक्ष | |
| २. | श्री पदम माया तामाङ | उपाध्यक्ष | — |
| ३. | श्री विष्णु प्रसाद सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री गोबिन्द बहादुर राउत | कार्यपालिका सदस्य | |
| ५. | श्री हेम बहादुर श्रेष्ठ | कार्यपालिका सदस्य | — |
| ६. | श्री लाल बहादुर स्याङ्तान | कार्यपालिका सदस्य | |
| ७. | श्री खड्ग बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| ८. | श्री दिनेश कुमार रमौली | कार्यपालिका सदस्य | |
| ९. | श्री वीर बहादुर पुलामी | कार्यपालिका सदस्य | |
| १०. | श्री कोमल बहादुर खपाङ्गी | कार्यपालिका सदस्य | |
| ११. | श्री रेखराज अधिकारी | कार्यपालिका सदस्य | |
| १२. | श्री शेर बहादुर मगर | कार्यपालिका सदस्य | |
| १३. | श्री पुण्यहरि भुजेल | कार्यपालिका सदस्य | |
| १४. | श्री हितलाल श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५. | श्री जगदिश्वर तोलाङ्गी | कार्यपालिका सदस्य | |
| १६. | श्री दुधकुमारी ठकुरी | कार्यपालिका सदस्य | |
| १७. | श्री देवमाया श्रेष्ठ | कार्यपालिका सदस्य | देवमाया |
| १८. | श्री भगवति कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य | — |
| १९. | श्री गीतामाया थापा | कार्यपालिका सदस्य | |
| २०. | श्री टेक बहादुर परियार | कार्यपालिका सदस्य | — |

सहजकर्ता : श्री जीतेन्द्र गिरी अधिकृत इन्जि.

: श्री प्रेम बहादुर लुंगेली कम्प्युटर अपरेटर

: श्री नारायण अधिकारी का.स.

मिति २०७७ मंसिर २३ गते मंगलबार

प्रस्ताव र निर्णयहरु:

| क्र.सं. | विषय | प्रस्ताव | निर्णयहरु |
|---|---|---|---|
| १. | वातावरण सम्बन्धी | १. IEE प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।<br>२. हाँडीखोला लगायत IEE मा परेका खोलाहरुको ढुङ्गा, बालुवा सङ्कलन तथा बिक्रि वितरणमा रोक लगाउने सम्बन्धमा । | १. प्राविधिक समितिले प्रस्तुत गरेको IEE प्रतिवेदन पारित गरी ढुङ्गा, गिट्टी र बालुवाको आन्तरिक राजश्व सङ्कलन गर्ने प्रयोजनको लागि बोलपत्रको प्रक्रिया अघि बढाउने ।<br>२. ढुङ्गा, बालुवाको आन्तरिक कर सङ्कलन प्रयोजनको लागि घोलपत्र आह्वान गर्नु पर्ने भएकोले हाँडीखोला लगायत IEE मा परेका खोलाहरुको ढुङ्गा, बालुवा सङ्कलन र बिक्री वितरण गर्न नपाउने गरी रोक लगाउन सम्बन्धित वडा र प्रहरी कार्यालयलाई निर्देशन गर्ने । |
| २. | सामाजिक विकास सम्बन्धी | ३.वर्ल्ड भिजन नेपाल, रिलिफ नेपाल र सिड्स नेपालद्वारा सन्चालन गर्ने कार्यक्रम अनुमोदन गर्ने सम्बन्धमा । | ३. वर्ल्ड भिजन नेपालको आर्थिक सहयोगमा रिलिफ नेपाल र सिड्स नेपालद्वारा सन् २०२१ का लागि पेश भएका कार्यक्रमहरु सन्चालानार्थ अनुमोदन गर्ने । |
| ३. | आर्थिक विकास सम्बन्धी | ४. प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन गने सम्बन्धमा ।<br>५. बाखापालन कार्यक्रममा लागत साझेदारी गर्ने सम्बन्धमा । | ४.प्रधानमन्त्री रोजगार कार्यक्रम निम्नानुसार सन्चालन गर्ने :<br>क) वडा नं. १, ३, ६, ७ र १० का बेरोजगारहरुका लागि प्रति योजना दस लाखका दरले ५०,००,०००/- (पचास लाख) विनियोजन गर्ने ।<br>ख) ११ वटै वडाका लागि जम्मा बेरोजगार संख्या २३०७ (दुई हजार तीन सय सात) का लागि रु.९२,३५,०००/- (बयानब्बे लाख पैतिस हजार) समानुपातमा विनियोजन गर्ने ।<br>ग) बाँकी रु.५,००,०००/- (पाँच लाख) बरबोटे चौतारा खेल मैदान, वडा नं. ५ निर्माणका लागि विनियोजन गर्ने ।<br>५.संघीय सरकारको सशर्त अनुदान अर्न्तगत लागत साझेदारीमा सन्चालन गरिने बाखापालन कार्यक्रमको लागि समपूरक कोषबाट रू. ९,९०,०००।- (नौ लाख नब्बे हजार) उपलब्ध गराउने । |
| ४. | योजना सम्बन्धी | ६.जम्बावती गुफा संरक्षण योजना र अस्पताल भवन निर्माणको लागि बोलपत्र आह्वान गर्ने सम्बन्धमा । | ६.राष्ट्रिय योजना आयोगबाट हस्तान्तरित जम्बावती गुफा संरक्षण योजना (रू.पचास लाख) सन्चालन गर्नको लागि संघीय विशेष अनुदान कार्यविधि बमोजिम बोलपत्र आह्वान गर्ने र अस्पताल भवन निर्माणको लागि बोलपत्र आह्वान गर्ने । |
| ५ | भूमि सम्बन्धी | ७. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धमा | ७. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धमा संघीय कार्यविधि अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने । |
| ६. | ठेक्का सम्बन्धी | ८. वडा नं. १ को वडा कार्यालय भवन निर्माणको ठेक्का रद्द गर्ने सम्बन्धमा । | ८. वडा नं. १ को वडा कार्यालय भवन निर्माणको ठेक्का रद्द गर्न सम्बन्धित ठेकेदारलाई जानकारी गराउने । |

१